# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: 1566

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८३/०२/०१

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८३/०२/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको १:०० बजे

..............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: 9566

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश, नेपाल २०७३

मिति : २०८३/०२/०१

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८३/०२/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको १:०० बजे

.....................................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

आज मिति २०८३/०२/०४ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CamScanner

# मिति २०८३/०२/०४ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. विविध विषयका सम्बन्धमा ।

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुँडगाउँ, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्रका खानेपानी योजनाहरुको प्रभावकारी संचालन, व्यवस्थापन, संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने उद्देश्यले हरेक वडामा वडा स्तरीय खानेपानी समिति गठन गरी २०८३ सालं जेठ १५ गतेभित्र गाउँकार्यपालिकाको कार्यालयमा समितिको नामावली सहित पठाउने निर्णय गरियो । वडा स्तरीय खानेपानी समिति गठन पश्चात पालिका स्तरीय समिति पनि गठन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एकल पुरुष सामाजिक सुरक्षा (एकल/विदुर पुरुष) कार्यक्रम संचालन गर्न सम्बन्धित वडा कार्यालयबाट एकल पुरुषहरुको विवरण संकलन गरी आवश्यकता अनुसार चालम, दाल, नुन, तेल लगायत खाद्यान्न सामाग्री तथा लत्ता कपडा, ओढ्ने ओछ्याउने सामाग्री लगायत अन्य जिन्सी सामाग्री वितरण गर्ने निर्णय गरियो ।

- ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा.लि., ललितपुरले तयार गरेको बौदीकाली गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन (O&M) प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा O&M Review गर्ने र स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरामा पठाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका र प्रदेश सरकार समपूरक अनुदान अन्तर्गत सिंहटारी देखि वि.पी. चोक गाउँपालिका हुँदै अकलादेवी मन्दिरसम्म सडक कालोपत्रे योजनाको तेस्रो खण्डको काम सकिएतापनि हालसम्म गिट्टी (chips) हटाउने कार्य नभएको हुँदा सम्बन्धित फर्म/कम्पनिलाई सम्पर्क गरी यथाशिघ्र गिट्टी (chips) हटाउन लगाउने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

- वि.सं. २०७७ सालमा बौदीकाली-२, डेढगाउँ, पश्चिमथर स्थित २७x४० वर्ग मिटर क्षेत्रफल बराबरको जग्गामा कभर्ड हल निर्माणको लागि फाउण्डेशन निर्माण गरी हाल पिल्लरका डन्डी देखिने गरी छोडिएको अवस्थामा रहेको साथै उक्त डन्डीहरुमा खिया लागेको र बाङ्गिएको अवस्था रहेको पाइयो । बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को हिउँदे अधिवेशनबाट बौदीकाली कभर्ड हल निर्माण योजनाको लागि रु. २० लाख रुपैया विनियोजन भएको छ । सोहि स्थानमा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाबाट गत आर्थिक वर्षमा २२x१८ वर्ग मिटरको सानो कभर्ड हल निर्माणको लागि प्राविधिक लागत अनुमान तयार भएको, कभर्ड हल निर्माणका लागि हाल विनियोजन भएको २० लाख रुपैया रकम अपुग हुने देखिएकोले प्राविधिक लागत अनुमान अनुसार उक्त आयोजनाको लागि आवश्यक स्रोत आगामी गाउँसभा (२०८३/०८४) मा सुनिश्चित गरी चालु आ.व. मा बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र IEE सम्पन्न भएका घाटहरुबाट प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा लगायत अन्य खानीजन्य पदार्थ) निकासी गरी गाउँपालिकाभित्रका सडकहरुको ग्राभेल तथा स्तरोन्नति कार्य संचालन गर्ने निर्णय गरियो । निकासी कार्य वातावरणीय प्रभाव न्यून हुने गरी प्रचलित कानून, मापदण्ड तथा स्वीकृत IEE प्रतिवेदन अनुसार संचालन गर्ने साथै प्राप्त नदिजन्य पदार्थ गाउँपालिका क्षेत्रभित्रका आवश्यकता भएका सडकहरुको ग्राभेल, मर्मत तथा स्तरोन्नति गर्ने निर्णय गरियो । साथै पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई आवश्यक लागत अनुमान, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण, वातावरण संरक्षण, नदिजन्य स्रोतको दिगो उपयोग तथा अवैध उत्खनन् नियन्त्रण कार्यका लागि जिम्मेवारी दिने समेत निर्णय गरियो ।

- वि.सं. २०७७ सालको अविरल वर्षाका कारण बौदीकाली-६, नरम, जरुवा स्थित निरन्दी खोलामा बनेको मोटरेवल पूल भत्किन पुगेको थियो । उक्त पूलको अवशेष संरचना मध्ये विद्यमान पिल्लर (Pier) को प्राविधिक अवस्था तथा भार वहन क्षमता परिक्षण (Load/Structural Capacity Test) का लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो । परिक्षण प्रतिवेदन अनुसार संरचना सुरक्षित र उपयोग योग्य प्रमाणित भएमा सोहि पिल्लरमा बेली ब्रिज निर्माणका लागि आवश्यक लागत अनुमान, डिजाइन तथा प्राविधिक स्पेसिफिकेसन तयार गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

- वडा कार्यालयहरुमा सव-इन्जिनियर/अ.सव-इन्जिनियरको दरबन्दी कायम भएतापनि हाल २ नं. वडा कार्यालय सव-इन्जिनियर/अ.सव-इन्जिनियर विहिन भएको हुँदा दैनिक कामकाजमा असहजता भएको भनी गुनासो प्राप्त भएकोले बौदीकाली गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत १ जना प्राविधिकलाई प्राविधिक कर्मचारीको जिम्मेवारी सहित २ नं. वडा कार्यालयमा कामकाजमा खटाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका अन्तर्गतका सवै कार्यालयहरुबाट (वडा, स्वास्थ्य संस्था सवै) प्रत्येक महिना व्यतित भएको ५ दिनभित्र तोकिएको ढाँचामा मासिक प्रगति विवरण बौदीकाली गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दलित लक्षित कार्यक्रम संचालन गर्न सम्बन्धित वडा कार्यालयबाट विपन्न दलित तथा परम्परागत पेशा गर्दै आएका दलित समुदायको व्यक्तिको विवरण संकलन गरी आवश्यकता अनुसार सिपमूलक तालिम, औजार वितरण, व्यवसाय प्रवर्द्धन तथा आयआर्जनका कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

- बौदीकाली- ५ वडा कार्यालय टपमा जस्तापाता लगाउने काम निर्माण कार्यको प्राविधिक लागत अनुमान अनुसार गर्ने निर्णय गरियो । साथै सो कार्यका लागि आवश्यक पर्ने रकम "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च" शिर्षकबाट व्यवस्थापन गर्ने समेत निर्णय गरियो ।

- यस पालिकाभित्र फोहोरमैला उत्पादनमा वृद्धि भई वातावरणीय प्रदुषण, जनस्वास्थ्यमा असर तथा सौन्दर्यमा ह्रास आउन सक्ने अवस्था देखिएको हुँदा फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, दिगो र वातावरणमैत्री बनाउन नियमित फोहोर संकलन, फोहोर संकलन केन्द्र तथा व्यवस्थापन स्थल पहिचान, ढुवानी तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति, सवारी साधन तथा उपकरणको व्यवस्था गर्न आवश्यक देखिएको हुँदा फोहोरमैला व्यवस्थापन प्रणाली लागू गर्ने कार्यको प्रारम्भिक चरण स्वरूप बौदीकाली-२, डेढगाउँबाट कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

- बौदीकाली-२, डेढगाउँ अन्तर्गत सिंहटारी-वि.पी. चोक-अकलादेवी मन्दिरसम्म बाटो कालोपत्रे योजनाको चौथो खण्डको लागत अनुमान तयार गर्दा कालोपत्रे खण्डको परिमाण निकाल्दा ढलान खण्ड घटाउनु पर्नेमा त्रुटीवश ढलान खण्डको परिमाण पनि कालोपत्रे खण्डमा जोडिएको, स्थलगत अवस्था अनुसार लागत अनुमान बमोजिमको परिमाण थपघट भएको र सो योजना अन्तर्गत थप काम गर्नुपर्ने नदेखिएको हुँदा प्राविधिक प्रतिवेदन अनुसारको Variation Order (VO) स्वीकृत गर्ने निर्णय गरियो ।

- आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत ठेक्का नं. BRM/NCB/WORKS-09/2082/083 "Construction of Ward No. 6 Various Roads" परियोजनाको निर्माण कार्य श्री लिस्सम निर्माण सेवा प्रा.लि., टोखा—०८, काठमाडौं मार्फत कार्यान्वयन भइरहेको छ। उक्त परियोजना अन्तर्गत वडा नं. ६ का १० (दश) वटा साना योजनाहरूलाई एकमुष्ट (Packaging) गरी ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरिएकोमा ति योजनामध्ये "पुरानो नरम—जारेभञ्ज्याङ सडक निर्माण" योजनामा सडक ट्र्याक खोल्ने क्रममा प्रारम्भिक लागत अनुमानमा समावेश गरिएको भन्दा वास्तविक साइट अवस्था अनुसार कटिङ (Cutting) को उचाइ बढी आएको भनी प्राविधिक प्रतिवेदनबाट पुष्टि भएकोले आवश्यक कार्य तथा परिमाण समायोजन गर्नुपर्ने देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा Variation Order (VO) स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।
साथै स्वीकृत Variation Order बमोजिम उक्त ठेक्काको अन्तिम ठेक्का सम्झौता रकम रु. २४,८६,९०९.२७/- (रुपैयाँ चौबीस लाख छयासी हजार नौ सय नौ रुपैयाँ सत्ताईस पैसा) बाट रु. १,३४,३७१.२२/- (रुपैयाँ एक लाख चौंतीस हजार तीन सय एकहत्तर रुपैयाँ बाइस पैसा) ले वृद्धि भई ५.४० प्रतिशत वृद्धि सहित रु. २६,२१,२८०.४९/- (रुपैयाँ छब्बीस लाख एक्काइस हजार दुई सय असी रुपैयाँ उनन्चास पैसा) कायम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

- कोशी प्रदेश, संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर लामा क्रोनिक किड्नी डिजिज मृगौला सम्बन्धी रोगबाट पिडित भएको, नेपालमा उपचार सम्भव नभएको कारण विदेशमा उपचार गर्नुपर्ने, आर्थिक अभावका कारण उपचार गर्ने कठिन भएको भनी आर्थिक सहयोगको लागि पत्र प्राप्त भएको हुँदा **"राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट नियमानुसार रु. १५,०००/- (पन्ध्र हजार रुपैया मात्र) निज व्यक्तिलाई सहयोग गर्ने निर्णय गरियो ।
- बौदीकाली-१, मिथुकरम स्थित हाडेखोला लिफ्टिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई बौदीकाली गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८० र बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।

- अविरल वर्षाका कारण बौदीकाली-२, डेढगाउँ स्थित अकलादेवी मन्दिर नजिकको खानेपानी टंकी तथा संगै रहेको खेत तथा घरमा समेत क्षति पुर्याउने गरी भल बगेको भनि निवेदन प्राप्त भएकोले उक्त भल व्यवस्थापनका लागि प्राविधिक लागत अनुमान अनुसार प्रक्रिया अगाडी वढाउने निर्णय गरियो । साथै सो कार्यका लागि आवश्यक पर्ने रकम **"विपद व्यवस्थापन खर्च"** शिर्षकबाट व्यवस्थापन गर्ने समेत निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँ अन्तर्गत पर्ने रानीबेल कालीगण्डकी करिडोरदेखि पश्चिमथर हुँदै गैडियासम्मको सडक खण्ड जिर्ण भई यातायात संचालनमा कठिनाइ उत्पन्न भएको हुँदा **"सवारी साधन तथा मेशिनरी औजार भाडा"** शिर्षकबाट उक्त सडक खण्डमा प्राविधिक लागत अनुमान र प्रचलित कानून बमोजिम सवारी साधन भाडामा लिई सडक ग्राभेल गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पालिका सुरक्षा आवास (खरको छानो विस्थापन) कार्यक्रम संचालानार्थ प्रत्येक वडाबाट बढीमा ३ (तिन) परिवार र प्रति परिवार रु. ५०,०००/- (पचास हजार रुपैया) नबढ्ने गरी लाभग्राही छनौट गर्ने निर्णय गरियो । सम्बन्धित लाभग्राही परिवारले सम्पन्न गरेको कार्यको प्राविधिक लागत अनुमान, स्थलगत निरीक्षण तथा मुल्यांकन प्रतिवेदनको आधारमा यथार्थ कार्य परिमाण अनुसार नियमानुसार रकम भुक्तानी गर्ने समेत निर्णय गरियो ।

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०२/०४ गतेको आ.व. २०८२/०८३ को चौधौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका मार्फत कार्यान्वयन भइरहेको "Completion of Mithukaram Health Post Building" (Contract ID: BRM/NCB/WORKS-०१/२०८२/०८३) आयोजनाको निर्माण कार्य श्री जयरत्न कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भिमाद, तनहुँ मार्फत सञ्चालन भइरहेकोमा निर्माण कार्यका क्रममा गरिएको स्थलगत निरीक्षण, नापजाँच तथा प्राविधिक मूल्याङ्कनबाट केही BOQ आइटमहरूको परिमाण प्रारम्भिक लागत अनुमानमा समावेश गरिएको भन्दा बढी रहेको तथा वास्तविक रूपमा त्यति परिमाण आवश्यक नभएको देखिएकाले वास्तविक सम्पन्न कार्यअनुसार परिमाण समायोजन (Deductive Variation) गर्नु आवश्यक देखिएको छ।

तसर्थ, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रचलित शर्तहरू र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदनका आधारमा उक्त आयोजनाको Deductive Variation Order स्वीकृत गर्ने तथा आवश्यक प्राविधिक, प्रशासनिक र कानुनी प्रक्रिया पूरा गरी अन्तिम ठेक्का सम्झौता रकम रु. २९,६१,४६०.६२/- (उनन्तीस लाख एकसट्ठी हजार चार सय साठी रुपैयाँ बासट्ठी पैसा) बाट ९.१८ प्रतिशतले घटाई रु. २६,८९,५८०.१४/- (छब्बीस लाख उनान्नब्बे हजार पाँच सय असी रुपैयाँ चौध पैसा) कायम गर्ने निर्णय गरियो।

CamScanner